# शितगंगा नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय, ठाडा, अर्घाखाँचीको
## आय संकलनको सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना !

सूचना प्रकाशित मिति २०७९/०४/२६

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ परिच्छेद ३ को ११ को उपदफा (२) (घ) बमोजिम यस शितगंगा नगरपालिकाले सङ्कलन गर्न पाउने कर सेवा शुल्क तथा दस्तुर, समेत सकलन गर्ने कार्य आ.व.२०७९/०८० को लागि अर्थात २०८० साल असार मसान्तसम्मका लागि ठेक्का प्रकृयाको माध्यमबाट संकलन गर्नु पर्ने भएको हुँदा तपशिलका शर्तहरुका अधिनमा रही योग्यता पुगेका फर्म, व्यवसाय वा कम्पनीहरुले शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. प्रत्येक ठेक्काको दरभाउपत्र फारामको लागि रु. १०००।- (फिर्ता नहुने गरी) यस कार्यालयमा बुझाई नियमानुसार फर्म, व्यवसाय, कम्पन्नी नविकरण प्रमाणपत्र, मुअकर प्रमाणपत्र र करचुक्ता प्रमाण पत्रहरुको फोटोकपी सहित मिति २०७९/०५/९ गतेसम्म निवेदन दिई खरिद गर्न सकिनेछ ।
२. आफूले कबोल गरेको रकम अङ्क र अक्षरमा स्पष्टसँग उल्लेख गरी दरभाउपत्र फाराममा फर्मको नाम थर, ठेगाना र सही एवम फर्मको छाप समेत लगाई मिति २०७९/०५/१० गतेका दिन, दिनको १२.०० बजे भित्र शितगंगा नगरपालिकाको कार्यालय, ठाडा, अर्घाखाँचीमा दाखिला गरिसक्नु पर्नेछ भने सोही दिनको १:०० बजे कर्मचारी, प्रतिनिधि र दरभाउपत्र दाता/प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । दरभाउपत्र दाता वा प्रतिनिधी उपस्थित नभएपनि खोल्न बाधा पर्ने छैन् । कबोल रकम अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।
३. दरभाउपत्र दाताले आफूले कबोल गरेको अंकको ५ (पाँच) प्रतिशतले हुने रकम शितगंगा नगरपालिका ठाडा, अर्घाखाँचीको नाममा रा.वा.बैंक, ठाडा स्थित धरौटी खाता नं ३३८०१००३०३०१०००३ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंकद्वारा मान्यता प्राप्त बैंकबाट शितगंगा नगरपालिकाको कार्यालय, ठाडा अर्घाखाँचीको नाममा जारी भएको दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट ७५ दिन म्याद भएको बिडबण्ड पेश गर्नुपर्ने छ ।
४. दरभाउपत्र फाराम स्वीकृत भएपछि सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम दरभाउपत्र दाताले कबोल गरेको कुल रकम एकमुष्ठ यस कार्यालयको खातामा जम्मा गरेको बैंक भौचर वा कबोल रकमको ५० प्रतिशत रकम बुझाइ बाँकी रकमको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको बैंकले यस कार्यालयको नाममा जारी गरेको ठेक्काको अवधि भन्दा ३० दिन बढीसम्मको म्याद भएको परफरमेन्स वण्डको सक्कल पत्र पेश गरेपछि दरभाउपत्र दातासँग सम्झौता गरी ठेक्काको चलान पूर्जी दिइने छ । बाँकी किस्ता विवरण सम्झौतामा उल्लेख गरिने छ ।
५. ठेकेदार र कार्यालयको बीचमा कुनै किसिमको विवाद पर्न गएमा नगरपालिकाको निर्णय नै अन्तिम हुनेछ ।
६. आफूले लिएको ठेक्काको चलन गरी रकम उठाउने जिम्मेवारी स्वयं ठेकेदारमा नै हुनेछ । ठेक्का रकम उठाउन नसकेको कारण जनाई यस नगरपालिका सँग कुनै किसिमको मिनाहाको लागि दाबी गर्न पाईने छैन ।
७. नगरपालिकाको स्वीकृती वेगर ठेकेदारले ठेक्का छाड्न पाउने छैन । तर ठेक्का शर्त अनुसार ठेकेदारले पालन गर्नुपर्ने शर्तहरु पालन नगरेमा नगरपालिकाले ठेक्का तोडी अर्को ब्यबस्था गर्न सक्नेछ । यसरी ठेक्का तोड्दा भएको हानी नोक्सानी र हर्जना समेत सम्बन्धित ठेकेदारले ब्यहोर्नु पर्नेछ ।
८. प्राप्त दरभाउपत्र फाराम स्वीकृत गर्ने, नगर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
९. सबै ठेक्का नं. हरुमा कबोल अङ्कको १.५ प्रतिशत अग्रिम आयकर कर र १३ प्रतिशत मु.अ.कर लाग्ने छ ।
१०. यस सूचनाको सम्बन्धमा केही थप तथा संसोधन गरी सूचना जारी गर्नु परेमा यस कार्यालयको सूचना पाटीमा टाँस गरिने छ र त्यसरी टाँस गरिने सूचना पनि यसै सूचनाको अङ्ग मानिने छ ।
११. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समयमा कार्यालयमा वा मोबाईल नं. ९८५७०६९८१७ मा सम्पर्क गर्न सकिने छ ।
१२. अन्य विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

### कर, सेवा, शुल्क तथा दस्तुर सङ्कलन सम्बन्धी ठेक्काको विवरण

| ठेक्का नं. - ०७९/०८० | कामको विवरण | २०७९/०८० को लागि कायम न्यूनतम ठेक रकम | संकलन गर्न पाइने करको दर |
|---|---|---|---|
| १ (आ १) | नगर क्षेत्र भित्र उत्पादन भई निकासी हुने माल बस्तुको निकासी कर (काठ निकासी बाहेक) | १०००००।०० | बिक्री हुने मालवस्तु र सो को दर ठेक्का फारम साथ संलग्न हुनेछ । यस कार्यालयको WEbsite मा समेत हेर्न सकिने छ । |
| २ (आ २) | नगर क्षेत्र भित्र संकलन भई बिक्री हुने कवाडी माल वस्तुको संकलन तथा बिक्री निकासी कर | ७५०००।०० | |
| ३ (आ ३) | नगर क्षेत्र भित्रको विज्ञापान कर | १०००००।०० | |

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची २१ नगरक्षेत्रमा उत्पादन भई नगर बाहिर निकासी हुने माल,संकलन हुने कवाड निकासी र विज्ञापन करको

### (क) नगर क्षेत्र भित्र उत्पादन भई निकासी हुने माल वस्तुको संकलन दर

| सि.न. | विवरण | दर | युनिट |
|---|---|---|---|
| १ | उन (प्राकृतिक, कृतिम, जगर) | ०.१० | प्रति के.जी. |
| २ | खोटो | १.०० | प्रति के.जी. |
| ३ | प्रचलित वन नियमावलीमा लेखिएका जडिबुटी निकासी गर्दा तोकिएको राजश्व रकम | १०% | |
| ४ | स्लेट/विछ्याउने ढुङ्गा | २.०० | प्रति क्यू.फिट |
| ५ | भट्टामा प्रयोग हुने माटो | २.०० | प्रति क्यू.फिट |
| ६ | सुर्तीको डण्ठल, कतरन नसल | १.०० | प्रति के.जी. |
| ७ | सालको वियाँ | १.०० | प्रति के.जी. |
| ८ | सल्लाको सिम्ठा | १.०० | प्रति के.जी. |
| ९ | पत्थर कोइला | १.०० | प्रति के.जी. |
| १० | काँचो छाला ठूलो | २५.०० | प्रति गोटा |
| ११ | काँचो छाला सानो | १०.०० | प्रति गोटा |
| १२ | हाड, सिङ्ग, खुर | १.०० | प्रति के.जी. |
| १३ | खसी बोका निकासी (चोरी निकासी भएमा स्त्री जातको सहित प्रति गोटा २०००) | १००.०० | प्रति गोटा |
| १४ | रागा भैसी निकासी (चोरी निकासी भएमा ५०००) | ५००.०० | प्रति गोटा |
| १५ | कुखुरा (लोकल वोइलर) निकासी (चोरी निकासी भएमा २००० ) | ५००.०० | प्रति गाडी |
| १६ | सिलौटा निकासी कर | ५० | प्रति गोटा |

### (ख) नगर भित्र संकलन भई विकी हुने कवाड माल वस्तुको संकलन गर्ने निकासी दस्तुर)

| क.स. | विवरण | दर | इकाई |
|---|---|---|---|
| १ | वियर पोतल | १ | प्रति गोटा |
| २ | खाली सिसी (मदिरा र अन्य) ५०० एम एल भन्दा माथि | ०.५ | प्रति गोटा |
| ३ | खाली सिसी (मदिरा र अन्य) ५०० एम एल भन्दा तल | ०.२५ | प्रति गोटा |
| ४ | प्लास्टिक (वोतल, भाडाकुडा, पुराना जुत्ता चप्पल, ग्यालेन, जर्किन आदी) | १ | प्रति के.जी. |
| ५ | खाली बोरा ५० के.जी खाद्यान्न अट्ने प्लास्टीकका वोरा | ०.२५ | प्रति गोटा |
| ६ | खाली बोरा ५० के.जी खाद्यान्न अट्ने जुटका वोरा | ०.२५ | प्रति गोटा |
| ७ | खाली बोरा १०० के.जी खाद्यान्न अट्ने जुटका वोरा | ०.५० | प्रति गोटा |
| ८ | तेलको टिन ( १० लि भन्दा बढी अट्ने ) | २ | प्रति गोटा |
| ९ | तेलको टिन ( १० लि भन्दा घटी अट्ने ) | १ | प्रति गोटा |
| १० | उन, गार्मेन्टको टुक्रा | २ | प्रति के.जी. |
| ११ | जलेको मोविल | १ | प्रति लिटर |
| १२ | टायर टयुव | २ | प्रति के.जी. |

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| १३ | थोत्रो टिन | ०.५० | प्रति के.जी. |
| १४ | पुरानो ड्रम | ०.५० | प्रति mर.( के.जी. |
| १५ | पुरानो कागज (अखवार, कार्टुन तथा अन्य) | १ | प्रति के.जी. |
| १६ | फलामका टुक्रा | २ | प्रति के.जी. |
| १७ | अन्य धातु (पित्तल तामा आदी). | ४ | प्रति के.जी. |
| १८ | थोत्रिएर काम नलाग्ने मेशिनरी औजार | २ | प्रति के.जी. |

शितगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय ठाडा, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल

(ग) नगर क्षेत्र भित्रको विज्ञापन कर संकलन दस्तुर

| क्र.स. | विवरण | दर | इकाई |
|---|---|---|---|
| १ | होडिङ्ग वोर्ड न्यूज साईन तथा अन्य ठूला विद्युतिय बोर्डहरु | ४० | प्रति वर्ग फुट |
| २ | भित्तेलेखन पटक | ६ | प्रति वर्ग फुट |
| ३ | तुल व्यानर | ५ | प्रति वर्ग फुट |

प्रमुख प्रशासकीय अधिकृत